छत्रदेव गाउँपालिका
CHHATRADEV RURAL MUNICIPALITY
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive

छत्रगञ्ज, अर्घाखाँची
Chhatragunj, Arghakhanchi
लुम्बिनी प्रदेश, नेपाल
Lumbini Province, Nepal

पत्र संख्या/Letter No.:
चलानी नं./Ref. No.:

मासु पसल सुधार कार्यक्रम सञ्चालन सम्बन्धी सूचना !

सूचना नं. १३: कृषि/पशु

दोस्रो पटक प्रकाशन मिति: २०८३/०८/०४

छत्रदेव गाउँपालिकाको चालु आ.व.२०८३/८४ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार छत्रदेव गाउँपालिकाको पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि, २०८३ बमोजिम ५० % लागत साझेदारीमा मासु पसल सुधार गर्न इच्छुक व्यावसायीहरुले सूचना प्रकाशन भएको मितिले ७ औँ दिन अर्थात मिति २०८३/०८/१० गते कार्यालय समयभित्र सम्बन्धित वडा कार्यालयमा तोकिएको ढाँचामा देहायका कागजातसहित निवेदन पेस गर्नुहुन सम्बन्धित सबैमा जानकारीका लागि सूचना प्रकाशन गरिएको छ।

क्र. स.	कार्यक्रम सञ्चालन हुने वडा	वजेट	कैफियत
१.	गाउँपालिका भर	३००००।-	५० % अनुदान

आवेदन साथ पेस गर्नुपर्ने आवश्यक कागजातहरु:

१. तोकिएको ढाँचामा निवेदन।
२. फर्म/संस्था दर्ता तथा नवीकरणको प्रमाण-पत्रको प्रतिलिपि,
३. फर्म/संस्थाको PAN दर्ता प्रमाण-पत्र तथा करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
४. कृषक समूह/ कृषि सहकारी/कृषि समितिको निर्णय प्रतिलिपि,
५. निवेदकको नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि,
६. मासु पसल सुधार गर्ने स्थानको (जग्गा/जमिन) स्वामित्व खुल्ने जग्गा धनी प्रमाण पूर्जाको प्रमाण-पत्रको प्रतिलिपि,
७. सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र।

.....
बासुदेव खनाल
प्रमुख प्रशासकीय अधिकृत

CamScanner